# सूचनाको हकसम्बधी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८३ बैशाख देखि २०८३ आषाढ मसान्तसम्मको सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# प्रादेशिक आयुर्वेद चिकित्सालय

बिजौरी, दाङ

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक

# स्वत: प्रकाशन
## (Proactive Disclosure)

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

नेपालको संविधानको धारा २७ तथा सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सोही कानुनी व्यवस्थाको पालनाका साथै प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी, दाङबाट भएगरेका कामकारबाहीहरुको यथार्थ जानकारी आमनागरीकहरुमा होस् भन्ने अभिप्रायका साथ यस चिकित्सालबाट २०८३ बैशाख महिनादेखि २०८३ आषाढ मसान्तसम्म सम्पादन गरिएका क्रियाकलापहरुको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

मिति २०८३/०४/०४

प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी , दाङ

नि. निर्देशक

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

# विषय सूची

१. प्रादेशिक आयुर्वेद चिकित्सालयको स्वरुप र प्रकृति ........................................१
२. प्रादेशिक आयुर्वेद चिकित्सालयको काम, कर्तव्य र अधिकार ........................................१
३. प्रादेशिक आयुर्वेद चिकित्सालयमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरण ....................१
४. प्रादेशिक आयुर्वेद चिकित्सालयबाट प्रदान गरिने सेवाहरु........................................३
५. प्रादेशिक आयुर्वेद चिकित्सालय अन्तर्गत रहने शाखा र जिम्मेवार अधिकारी........................४
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........................................५
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ........................................७
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........................................७
९. सम्पादन गरेको कामको विवरण ........................................८
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद ........................................८
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........................................९
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण........................................९
१३. तोकिएबमोजिमका अन्य विवरण ........................................१०
१४. अघिल्लो आ.व.मा कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ................१०
१५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण ........................................१०
१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण........................................१०
१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन ................................११
१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समावधि ........................................ ११
१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय........................................११
२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ११
२१. नागरिक वडापत्र ........................................ १२

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक

## १. प्रादेशिक आयुर्वेद चिकित्सालयको स्वरुप र प्रकृति

वि.सं २०४८ सालमा स्थापना भएको लुम्बिनी प्रदेश, दाङ जिल्ला, तुलसीपुर उपमहानगरपालिका– १९ बिजौरीमा रहेको, साविक मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय हाल प्रादेशिक आयुर्वेद चिकित्सालय, लुम्बिनी प्रदेशकै सबैभन्दा पुरानो एवम् एकमात्र विशेषज्ञ सेवा प्रदान गर्ने आयुर्वेद उपचार केन्द्र हो । यहाँ दैनिक एक/डेढ सयभन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् । यस चिकित्सालयमा क्षारसूत्र, पञ्चकर्म, अग्निकर्मलगायतका सेवाहरू प्रभावकारी रूपमा सञ्चालन भइरहेका छन् । चिकित्सालयले क्षारसूत्रबाट पायल्स, फिस्टुला, फिसर, सिस्ट लगायतका समस्याहरूको प्रभावकारी रूपमा उपचार गर्दै आएको छ। चिकित्सालयमा क्षारसूत्र सेवा शुरु भएपछि पायल्स, फिस्टुला, फिसर जस्ता समस्याको उपचार सेवा लिन बुटवल, नेपालगञ्ज, काठमाडौं जानुपर्ने बाध्यता हटेको छ । यहाँ दाङ लगायत डोल्पा, सल्यान, रुकुम, रोल्पा, प्यूठान, सुर्खेत, बाँके, बर्दिया आदि विभिन्न स्थानबाट बिरामीहरू उपचारका लागि आउने गरेका छन् ।

चिकित्सालय परिसरमा खुला व्यायामशाला, धनवन्तरी भगवानको मन्दिर, योगा हल, ल्याब, अन्तरङ्ग विभाग, पञ्चकर्म, क्षारसूत्र, फोटोथेरापी मेसिन, फ्रिवाइफाइ, क्याबिन, सौना सेवा, प्रविधिमैत्री रजिष्ट्रेशन, सिसी क्यामेरा लगायतका कुराहरूको व्यवस्था तथा सञ्चालन भइरहेको छ । इसिजी, एक्स-रे, भिडियो एक्सरे सेवा अविछिन्न रूपमा संचालन भइरहेको छ । साथै चिकित्सालयमा अपाङ्गमैत्री शौचालय पनि निर्माण भएको छ । ३० शैयाको यस चिकित्सालयलाई स्तरोन्नति गरेर ५० शैयाको बनाउने लक्ष्य रहेको छ ।

## २. प्रादेशिक आयुर्वेद चिकित्सालयको काम, कर्तव्य र अधिकार

प्रादेशिक आयुर्वेद चिकित्सालय नितान्त सेवामूलक संस्था भएकोले यस संस्थाको मुख्य काम भनेको सेवाग्राहीहरुलाई चिकित्सकीय सेवा तथा परामर्श सेवा प्रदान गर्नु हो ।

- दैनिक विरामीको स्वास्थ्य परीक्षण तथा उपचार
- दैनिक स्वास्थ्य परामर्श सेवा
- रेकर्डिङ तथा रिपोर्टिङ
- संघ, प्रदेश तथा स्थानीय निकाय लगायत अन्य निकायसँग समन्वय
- जनचेतना, अभिवृद्धि कार्यक्रम
- तालुक निकायले लाए अह्राएको अन्य सम्पूर्ण कार्यहरू

## ३. प्रादेशिक आयुर्वेद चिकित्सालयमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण

चिकित्सालयको स्वीकृत दरबन्दी अनुसार कर्मचारीको सङ्ख्या ३५ जना रहेको छ भने पदपूर्ती सङ्ख्या २२ रहेको छ । रिक्त दरबन्दी सङ्ख्या १३ रहेको छ । कर्मचारीहरुको कार्यविवरण यसप्रकार रहेको छ ।

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

प्र.नि. निर्देशक

- पदः प्र.क.आ.वि.
  कार्य विवरणः चिकित्सालय प्रमुखले गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने ।

- पदः व./क.आ.वि. व./क.का.चिकित्सक, व./क.स्त्रीरोग/कौमारभृत्य चिकित्सक, आयुर्वेद चिकित्सक
  कार्य विवरणः विरामी परीक्षण तथा उपचार गर्ने ।

- पदः आयुर्वेद सहायक/वैद्य
  कार्य विवरणः औषधी वितरण, विरामी परीक्षण तथा उपचारमा चिकित्सकलाई सहयोग गर्ने ।

- पदः स्टाफ नर्स/अ.न.मी.
  कार्य विवरणः भर्ना भएका विरामीहरुको भाइटल साइन लिने/मेडिकेसन/हेरविचार गर्ने ।

- पदः रेडियोग्राफर
  कार्य विवरणः प्रेस्क्रिप्सन अनुसारको बिरामीको एक्सरे गर्ने, रिपोर्ट दिने।

- पदः लेखा अधिकृत
  कार्य विवरणः चिकित्सालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

- पदः खरिदार/प्रशासन सहायक
  कार्य विवरणः चिकित्सालयको सामान्य प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

- पदः कार्यालय सहयोगी
  कार्य विवरणः चिकित्सालयको सरसफाइ लगायत निर्देशक तथा अन्य फाँटले लगाएको सम्पूर्ण कार्य गर्ने।

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

प्रादेशिक आयुर्वेद चिकित्सालयको दरवन्दी विवरण (२०७६/०९/२५ गते)

| सि.न. | पद | श्रेणी | सेवा | समुह | उपसमुह | मौजुदा दरवन्दी | पदपूर्तिको अवस्था | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.क.आयुर्वेद विज्ञ | ११ | स्वास्थ्य | आयुर्वेद | ज.आ. | १ | | १ | |
| २ | व./क.आयुर्वेद विज्ञ | ९,१० | स्वास्थ्य | आयुर्वेद | ज.आ. | १ | १ | ० | |
| ३ | व./क.काय चिकित्सक | ९,१० | स्वास्थ्य | आयुर्वेद | कायचिकित्सा | १ | | १ | |
| ४ | व./क.स्त्रीरोग / कौमारभृत्य चिकित्सक | ९,१० | स्वास्थ्य | आयुर्वेद | स्त्रीरोग / कौमारभृत्य | २ | १ | १ | |
| ५ | आयुर्वेद चिकित्सक | ८ | स्वास्थ्य | आयुर्वेद | ज.आ. | २ | १ | १ | १ अध्ययनमा |
| ६ | आयुर्वेद सहायक | ५,६,७ | स्वास्थ्य | आयुर्वेद | ज.आ. | ३ | ३ | ० | |
| ७ | वैद्य | ४,५,६ | स्वास्थ्य | आयुर्वेद | ज.आ. | ४ | ४ | ० | |
| ८ | रेडियोग्राफर | ५,६,९ | स्वास्थ्य | रेडियोग्रा | | १ | १ | ० | |
| ९ | स्टाफ नर्स | ५,६,७ | स्वास्थ्य | ज नर्सिङ | | २ | २ | ० | |
| १० | ल्याव टेक्निसियन | ५,६,७ | स्वास्थ्य | मे.ल्या.टे. | | १ | १ | ० | |
| ११ | ल्याव असिस्टेन्ट | ४,५,६ | स्वास्थ्य | मे.ल्या.टे. | | १ | १ | ० | |
| १२ | अ.न.मि. | ४,५,६ | स्वास्थ्य | प.हे.न | | ५ | ५ | ० | १ ने.ग. काजमा |
| १३ | लेखा अधिकृत | ७,८ | प्रशासन | लेखा | | १ | १ | ० | |
| १४ | खरिदार | ४,५ | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| १५ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | | ९ | | ९ | |
| | जम्मा | | | | | ३५ | २२ | १३ | |

## ४. प्रादेशिक आयुर्वेद चिकित्सालयमा प्रदान गरिने सेवाहरु-

प्रादेशिक आयुर्वेद चिकित्सालयबाट प्रदान गरिने सेवाहरु तपसिल बमोजिम रहेको छ ।

१. नाम दर्ता चिकित्सालयमा उपचारार्थ आएका सेवाग्राहीसँग न्यूनतम शुल्क लिई नाम दर्ता गर्ने गरिन्छ । ६५ वर्ष वा सोभन्दा माथिका जेष्ठनागरीकको भने निःशुल्क नाम दर्ता गर्ने गरिन्छ ।

२. विरामी परीक्षण सेवाः यस चिकित्सालयको बहिरङ्ग विभागमा आएका विरामीहरुको विशेषज्ञ आयुर्वेद चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गर्ने गरिन्छ।

३. प्राथमिक उपचार सेवाः यस चिकित्सालयको आकस्मिक उपचार कक्षमा आएका विरामीहरुको स्वास्थ्य परीक्षण गर्नुका साथै आवश्यक प्राथमिक उपचार प्रदान गर्ने गरिन्छ।

४. विरामी भर्ना सेवाः बहिरङ्ग विभागमा आएका विरामी तथा सेवाग्राहीहरुमध्ये चिकित्सकले भर्ना गरेर उपचार गर्न आवश्यक ठानेका विरामीहरुबाट तोकिएको सेवा शुल्क लिई भर्ना गर्ने गरिन्छ।

बसन्त बहादुर के.सी.
सूचना अधिकारी

नि. निर्देशक

५. पञ्चकर्म थेरापी सेवाः पञ्चकर्म ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिमका पञ्चकर्म थेरापीहरु तोकिएको सेवा शुल्क लिई थेरापिस्टद्वारा पञ्चकर्म थेरापी सेवा प्रदान गर्ने गरिन्छ।

६. फिजियोथेरापी सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिमका फिजियोथेरापीहरु तोकिएको सेवा शुल्क लिई थेरापिस्टद्वारा फिजियोथेरापी सेवा प्रदान गर्ने गरिन्छ।

७. ई.सी.जी. सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिम तोकिएको सेवा शुल्क लिई दक्ष प्राविधिकद्वारा ई.सी.जी. सेवा प्रदान गर्ने गरिन्छ।

८. अल्ट्रासाउण्ड (भिडियो एक्सरे)/डिजिटल एक्सरे सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिम तोकिएको सेवा शुल्क लिई दक्ष चिकित्सक/प्राविधिकद्वारा अल्ट्रासाउण्ड (भिडियो एक्सरे)/डिजिटल एक्सरे सेवा प्रदान गर्ने गरिन्छ।

९. प्रयोगशाला (Lab) सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिम तोकिएको सेवा शुल्क लिई दक्ष प्राविधिकद्वारा प्रयोगशाला सेवा प्रदान गर्ने गरिन्छ।

१०. शल्यकर्म (Surgery) सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिम तोकिएको सेवा शुल्क लिई दक्ष चिकित्सकद्वारा शल्यकर्म तथा क्षारसूत्र सेवा प्रदान गर्ने गरिन्छ।

११. औषधी वितरण सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिम विभिन्न २३ प्रकारका आयुर्वेदिक औषधीहरु निःशुल्क फार्मेसी कक्षबाट निःशुल्क र निःशुल्क रुपमा नपाइने औषधी चिकित्सालयकै सशुल्क फार्मेसी (Paying Pharmacy) बाट सहुलियत मूल्यमा उपलब्ध गराउने गरिन्छ ।

१२. सामान्य ड्रेसिङ्ग (General Dressing) सेवाः ओ.पि.डी.बाट चिकित्सकले प्रेस्काइब गरेबमोजिम तोकिएको सेवा शुल्क लिई दक्ष प्राविधिकद्वारा सामान्य ड्रेसिङ्ग सेवा प्रदान गर्ने गरिन्छ।

१३. परामर्श (Counselling) सेवाः चिकित्सालयको लाइफस्टाइल ओ.पि.डी. तथा अन्य विभिन्न फाँटबाट आवश्कतानुसार आहार/विहार, अनुपान/सहपान, विरुद्ध आहार, थेराप्युटिक योग लगायतका विषयमा चिकित्सक/स्वास्थ्यकर्मीद्वारा निःशुल्क परामर्श सेवा प्रदान गर्ने गरिन्छ।

१४. एम्बुलेन्स सेवाः चिकित्सालयमा बिरामी ल्याउन तथा बाहिर लैजानका लागि सशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने गरिन्छ ।

१५. स्वर्णविन्दुप्राशन कार्यक्रमः प्रत्येक महिनाको पुष्य नक्षत्रमा १ वर्षदेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई स्वर्णविन्दुप्राशन सेवा प्रदान गर्ने गरिन्छ ।

१६. दैनिक कार्य सञ्चालन सेवाः चिकित्सालयका सेवाहरु विना वाधा अड्चन सुमधर ढङ्गले सञ्चालन गर्नका लागि प्रशासन तथा आर्थिक प्रशासन शाखाबाट आवश्यक विविध कार्य गर्ने गरिन्छ ।

## ५. प्रादेशिक आयुर्वेद चिकित्सालय अन्तर्गत रहने शाखा र जिम्मेवार अधिकारी

प्रादेशिक आयुर्वेद चिकित्साल अन्तर्गत निम्न शाखाहरु रहेका छन् ।

| सि.नं. | विभाग/शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन शाखा | टिका पौडेल | |
| २. | आर्थिक प्रशासन शाखा | पविता खड्का | |
| ३. | सूचना शाखा/तथ्याङ्क शाखा | बसन्त बहादुर के.सी. | |



बसन्त बहादुर के.सी.
सूचना अधिकारी

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

| | | | |
|---|---|---|---|
| ४. | भण्डारण शाखा | टिका पौडेल | |
| ५. | चिकित्सा विभाग | डा. अर्जुन राज शर्मा | |
| ६. | अन्तरङ्ग विभाग | लक्ष्मी वली | |
| ७. | नि:शुल्क औषधी वितरण शाखा | गीता पोखेल | |
| ८. | सशुल्क औषधी वितरण शाखा | हरि रिजाल | |
| ९. | रेडियोलोजी विभाग | सुर्य कुमार आचार्य | |
| १०. | प्याथोलोजी विभाग | जयप्रकाश वली | |
| ११. | फिजियोथेरापी विभाग | नेहा रेग्मी | |
| १२. | पञ्चकर्म विभाग | उमेश थारु | |
| १३. | आकस्मिक कक्ष | निरन्जन बि.सी. | |
| १४. | सोधपुछ /नाम दर्ता शाखा | शालिकराम भण्डारी/अमर ब. थापा | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

बहिरङ्ग सेवा

| | | |
|---|---|---|
| १ | नयाँ नाम दर्ता | २५ |
| २ | पुनरावृत नाम दर्ता | १० |

अन्तरङ्ग सेवा

| | | |
|---|---|---|
| १ | बिरामी भर्ना दर्ता | १०० |
| २ | बिरामी बेड शुल्क प्रति दिन | २५ |
| ३ | क्याबिन प्रतिदिन | ५०० |

पञ्चकर्म र ल्याब सेवाको शुल्क विवरण

| क्र.स. | सेवा | दर (रू.) | क्र.स. | सेवा | दर (रू.) | क्र.स. | सेवा | दर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकाङ्ग स्वेदन | ३० | २ | कुञ्जल क्रिया | १०० | ३ | Typhi Dot | २५० |
| ४ | सर्वाङ्ग स्वेदन | ७५ | ५ | सैन्धव जलवस्ती | १५० | ६ | Sugar-R | ७० |
| ७ | शिरोधरा | १५० | ८ | रुक्ष वस्ती | १०० | ९ | Sugar-F | ७० |
| १० | वस्ति कर्म | १५० | ११ | कर्णपुरण | १०० | १२ | Sugar-PP | ७० |
| १३ | नस्य कर्म | १५० | १४ | विरेचन | २५०० | १५ | Urea | १५० |
| १६ | कटि वस्ती | १०० | १७ | वमन प्रधान कर्म | ३००० | १८ | Creatinine | १५० |
| १९ | अस्थापन वस्ती | १५० | २० | WBC | ३५ | २१ | Uric Acid | १५० |

बसन्त बहादुर के.सी.
सूचना अधिकारी

नि. निर्देशक

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | अनुवासन वस्ती | १५० | २३ | RBC | १०० | २४ | Cholestrol/ TG | १५० |
| २५ | रक्तमोक्षण | १०० | २६ | Platelets | १५० | २७ | Bilirubin-T/D | १५० |
| २८ | जलौका | १०० | २९ | DC | ३५ | ३० | SGPT | १५० |
| ३१ | शिरो वस्ती | १५० | ३२ | ESR | ३५ | ३३ | SGOT | १५० |
| ३४ | शिरोपीचु | १५० | ३५ | BT | ३० | ३६ | ALP | १५० |
| ३७ | लवण पिण्ड स्वेदन | १०० | ३८ | CT | ३० | ३९ | Protine | १५० |
| ४० | उदवर्तन | १०० | ४१ | MP Kit | १५० | ४२ | Albumine | १५० |
| ४३ | शष्टिषाली पिण्ड स्वेदन | ३०० | ४४ | VDRL/RPR | १५० | ४५ | Globuline | १५० |
| ४६ | पत्र पिण्ड स्वेदन | १५० | ४७ | TPHA | १५० | ४८ | Amylase | २५० |
| ४९ | चुर्ण पिण्ड स्वेदन | १०० | ५० | HIV-I$II | २५० | ५१ | Sodium | २०० |
| ५२ | बालुका पिण्ड स्वेदन | १०० | ५३ | ASO titre | १५० | ५४ | Potassium | २०० |
| ५५ | उपनाहा स्वेदन | २०० | ५६ | CRP | १५० | ५७ | Calcium | १५० |
| ५८ | ग्रीवा वस्ती | १५० | ५९ | R.A. Factor | १५० | ६० | Lipid Profile | ७०० |
| ६१ | उर:वस्ती | १५० | ६२ | Hepatitis-A | ३५० | ६३ | RFT | ७०० |
| ६४ | जानुका वस्ती | १५० | ६५ | Hepatitis-B | १५० | ६६ | LFT | ५०० |
| ६७ | अक्षितर्पण | २०० | ६८ | Hepatitis-C | २०० | ६९ | Stool Test R/M | ४० |
| ७० | अग्निकर्म | २०० | ७१ | Hepatitis-E | ३५० | ७२ | Urine Test R/M | ४० |
| ७३ | तेल बन्धन | १५० | ७४ | Mantoux | १५० | ७५ | CBC | ३२० |
| ७६ | स्थानीक वस्ती | १०० | ७७ | H. Pylory | २५० | ७८ | TFT | ८०० |
| ७९ | स्थानीक धारा | १०० | ८० | Blood Group | ६० | ८१ | TSH | ५०० |
| ८२ | दशमुल लेप | १०० | ८३ | Preganencey | ६० | ८४ | T३ | ५०० |
| ८५ | जलनेती | ५० | ८६ | Dangue RDT | ५०० | ८७ | T४ | ५०० |
| ८८ | प्रच्छन कर्म | २०० | ८९ | Kalazar (K-३९) | ४५० | ९० | RPR | १५० |

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९१ | सद्यःविरेचन | ५०० | ९२ | Widal | ८० | ९३ | TG | १५० |
| ९४ | सद्यःवमन | १००० | ९५ | Prothrombin Time (PT) | २५० | ९६ | PCV | ५० |
| ९७ | सर्वाङग अभयंग | २०० | ९८ | INR | २५० | ९९ | Occult Blood Test | १०० |
| १०० | एकांग अभयंग | ३० | १०१ | PT/INR | ४०० | १०२ | HBA१C | ६०० |
| १०३ | सौना | ६०० | १०४ | विद्ध कर्म | ३०० | | | |

रेडियोलोजी विभाग

| विवरण | दर रु. | विवरण | दर रु. |
|---|---|---|---|
| भिडियो एक्सरे | ५०० | X-Ray- Digital | ३५० |
| फिजियोथेरापी आधारभूत | १०० | ई.सि.जि | २०० |
| फिजियोथेरापी विशेष | १५० | | |

| विविध सेवा | |
|---|---|
| क्षार सुत्र कर्म | ६००० |
| क्षार सुत्र ड्रेसिङ्ग | १०० |
| प्राथमिक उपचार सेवा शुल्क | ३० |
| NEBULIZATION | ५० |
| सामान्य ड्रेसिङ्ग | १०० |
| योनी प्रच्छालन | ५० |
| पिचु धारण | ५० |
| फोटोथेरापी | ५०० |
| सौना सेवा | ६०० |

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

निवेदन उजुरी :- प्रशासन फाँट/ सूचना शाखा (सूचना अधिकारी)

निर्णय प्रक्रिया :- नियमानुसार

अधिकारी :- डा. अर्जुन राज शर्मा, कन्सल्टेन्ट कौमारभृत्य चिकित्सक

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

डा. प्रवेश श्रीवास्तव

नि. निर्देशक

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक

## ९. सम्पादन गरेको कामको विवरण

- आर्थिक प्रशासन सम्बन्धी कार्य
- निमार्ण तथा मर्मत सम्भार कार्य
- कर्मचारी प्रशासन तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य
- नियमित कार्यक्रमहरु संचालन
- दैनिक प्रशासनिक कार्य
- अस्पताल व्यवस्थापन र संचालन
- रेकर्डिङ तथा रिपोर्टिङ
- विशेषज्ञ आयुर्वेद चिकित्सकद्वारा दैनिक बहिरङ्ग सेवा सञ्चालन
- चौबिसै घण्टा अन्तरङ्ग सेवा सञ्चालन
- दैनिक पूर्वकर्म/पञ्चकर्म सेवा सञ्चालन
- दैनिक फिजियोथेरापि सेवा सञ्चालन
- दैनिक भिडियो एक्सरे/एक्स-रे/ ई.सी.जि. सेवा सञ्चालन
- दैनिक प्रयोगशाला सेवा सञ्चालन
- दैनिक शल्य सेवा सञ्चालन
- चौबिसै घण्टा प्राथमिक उचार सेवा सञ्चालन
- दैनिक सामान्य ड्रेसिङ्ग सेवा सञ्चालन
- दैनिक निशुल्क औषधी वितरण एवम् सशुल्क फार्मेसी सेवा सञ्चालन
- प्रत्येक महिनाको पुष्य नक्षत्रमा स्वर्णप्राशन सेवा सञ्चालन
- जनशक्ति व्यवस्थापन
- माथिल्लो निकायको निर्देशन पालना र कार्यन्वयन
- डिजिटल सूचना पाटी
- विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन

## १०. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी र कार्यालय प्रमुखको विवरण

### सूचना अधिकारीको विवरण

नामः बसन्त बहादुर के.सी.

पदः वरिष्ठ अधिकृत

सम्पर्क: ९८५७८४५१०२

इमेलः kcbb014@gmail.com

### गुनासो सुन्ने अधिकारीको विवरण

डा. अर्जुन राज शर्मा

पदः क. कौमारभृत्य चिकित्सक

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक

सम्पर्क: ९८५७०३४४०१

इमेल: drarjun416@gmail.com

### कार्यालय प्रमुखको विवरण

नामः डा. प्रवेश श्रीवास्तव

पदः क. आयुर्वेद विज्ञ

तहः नवौं

सम्पर्क नं. ९८५७८४५१०१

इमेल : ayurpravesh064@gmail.com

## ११. ऐन,नियम,विनियम वा निर्देशिकाको सूची ................................

- अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८०
- निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५०
- स्वास्थ्य सेवा ऐन २०५३ नियमावली २०५५
- लुम्बिनी प्रदेश निजामती सेवा ऐन तथा नियमावली
- SOP of Swarnaprashan २०८१

## १२. अम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण..............

संघीय बजेट

संघीय बजेट

| जम्मा रु | खर्च | बाँकी | प्रतिशत |
|---|---|---|---|
| १३,६३४,००० | १३,६२३,८१९.६१ | १०,१८०.३९ | ९९.९३% |

प्रदेश सरकार जम्मा बजेट ( साधारण खर्च तलब भत्ता सहित )

| जम्मा रु | खर्च | बाँकी | प्रतिशत |
|---|---|---|---|
| ५२,३७१,००० | ४६,४८९,७३३.४५ | ५,८८१,२६६.५५ | ८८.७७% |

विकास समिति तर्फ

| आम्दानी | खर्च | बाँकी | प्रतिशत |
|---|---|---|---|
| २९,२५५,२९५.८४ | ११,५००,२५८.०० | १७,७५५,०३७.८४ | ३९.३१% |

फार्मेसी सेवा तर्फ

| आम्दानी | खर्च | बाँकी | प्रतिशत |
|---|---|---|---|
| १८,२९२,२००.८० | १५,६६७,३३१.०० | २,६२४,८६९.८० | ८५.६५% |

बसन्त बहादुर के.सी.
सुचना अधिकारी



नि. निर्देशक

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

## १३. तोकिएबमोजिम अन्य विवरण

कुनै नभएको ।

## १४. अघिल्लो आ.व.मा कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

अघिल्लो आ.व. २०८१/८२ मा चिकित्सालयमा दैनिक सञ्चालन गरेका कार्यक्रमहरु-

| सि.नं. | कार्यक्रमको नाम | लाभान्वित सङ्ख्या (जना) | कैफियत |
|---|---|---|---|
| १ | रेडियोग्राफी सेवा | ३७८० | |
| २ | पूर्वकर्म/पञ्चकर्म सेवा | ९२१४ | |
| ३ | प्रयोगशाला सेवा | २०९६५ | |
| ४ | शल्यकर्म सेवा | ४८७७ | |
| ५ | फिजियोथेरापी सेवा | २४०९ | |
| ६ | अन्तरङ्ग सेवा | १२९२ | |
| ७ | स्वर्णप्राशन सेवा | २६६७१ | |
| ८ | बहिरङ्ग सेवा | २९९५७ | |
| ९ | प्रवर्धनात्मक योग सेवा | ९२४३ | |
| १० | जेष्ठनागरिक सेवा कार्यक्रम | ६५४३ | |
| ११ | सुरक्षित मातृत्व सेवा | ५४३ | |
| १२ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | ८७९ | |
| १३ | भान्सा सुधार कार्यक्रम | १२० | |

## १५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण ..................................

www.pahdang.p5.gov.np

email-pahdang@lumbini.gov.np

## १६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधक सहयोग र सम्झौता सम्बन्धी विवरण

प्राप्त नगरेको

बसन्त बहादुर के.सी.
सूचना अधिकारी

नि. निर्देशक

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

२०८३ बैशाखदेखि असार मसान्तसम्मको प्रतिवेदन

| सि.नं. | कार्यक्रमको नाम | लाभान्वित सङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | रेडियोग्राफी सेवा | ६५६ | ४४९ | ११०५ |
| २ | पूर्वकर्म /पञ्चकर्म सेवा | १५०९ | १११४ | २६२३ |
| ३ | प्रयोगशाला सेवा | ५९५२ | ४२६८ | १०२२० |
| ४ | शल्यकर्म सेवा | १३८४ | १०२४ | २४०८ |
| ५ | फिजियोथेरापी सेवा | ४३६ | २९८ | ७३४ |
| ६ | अन्तरङ्ग भर्ना सेवा | ११३ | ८२ | १९५ |
| ७ | बहिरङ्ग सेवा | ४९२४ | ३५८९ | ८५१३ |
| ८ | प्रवर्धनात्मक योग सेवा | १३७५ | १४०४ | २७७९ |
| ९ | जेष्ठनागरिक स्वास्थ्य प्रवर्धन सेवा | ५७१ | ५९० | ११६१ |
| १० | स्तनपायी आमालाई स्तन्यवर्धक औषधी वितरण सेवा | २६३ | | २६३ |
| ११ | स्वर्णविन्दुप्राशन कार्यक्रम | ८३२३ | ९१११ | १७४३४ |
| १२ | अन्य | ६५९ | ४०२ | १०६१ |
| | जम्मा | २६१६५ | २२३३१ | ४८४९६ |

## १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधि...

नगरेको

## १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय................

मौखिक रुपमा धेरै मागिए पनि लिखत रुपमा एक सूचना माग गरिएको थियो । जसको विषय निवेदकको जन्ममिति र समयसँग सम्बन्धित थियो ।

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने गरेको भए सोको विवरण ............

- कार्यालय वेवसाईट/सूचना पाटी
- रेडीयो, टिभी तथा पत्रपत्रिका

नि. निर्देशक

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक आयुर्वेद चिकित्सालय
बिजौरी, दाङ

२१. नागरिक वडापत्र .............

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# प्रादेशिक आयुर्वेद चिकित्सालय

तुलसीपुर-१८ बिजौरी, दाङ

## नागरिक वडापत्र

| क्र.सं. | सेवाको विवरण | | समय | सेवाग्राहीको दायित्व | जिम्मेवार पदाधिकारी | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| १ | बिरामी नाम दर्ता (Registration) | | बिहान १० देखि दिउँसो ३ बजेसम्म | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | नाम दर्ता कक्षको कर्मचारी | रु. २५/- (नयाँ), रु १० (पुनरावृत) (अस्पताल विकास समितिको निर्णय अनुसार) |
| २ | बिरामी परिक्षण सेवा | | १० बजेदेखि टिकट दर्ता गराएको बिरामी रहने बेरसम्म | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | कन्सल्टेन्ट/आयुर्वेद चिकित्सक | नि:शुल्क |
| ३ | औषधी वितरण सेवा | | १० बजेदेखि टिकट दर्ता गराएको बिरामी रहने बेरसम्म | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | औषधी वितरण कक्षमा रहने स्वास्थ्यकर्मी/कर्मचारीहरु | नि:शुल्क- नेपाल सरकारले तोकेका औषधीहरु<br>सशुल्क- अस्पतालबाट सञ्चालित सशुल्क फार्मेसीबाट |
| ४ | ज्येष्ठ नागरिक सेवा (रसायन औषधी वितरण) | | १० बजेदेखि ३ बजेसम्म | चिकित्सकको सिफारिस अनुसारको सेवा लिनु पर्ने | औषधी वितरण कक्षमा रहने स्वास्थ्यकर्मी/कर्मचारीहरु | नि: शुल्क |
| ५ | शल्य सेवा (OT/ क्षारसुत्र सेवा | | १० बजेदेखि ३ बजेसम्म वा चिकित्सकले तोकेको समय अनुसार | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | कन्सल्टेन्ट शल्य चिकित्सक/आयुर्वेद चिकित्सकहरु, स्वास्थ्यकर्मी | विकास समितिको निर्णय अनुसार |
| ६ | पञ्चकर्म सेवा | | १० बजेदेखि ४ बजेसम्म वा कार्यालयले तोकेको समय अनुसार | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | कन्सल्टेन्ट शल्य/आयुर्वेद चिकित्सकहरु, स्वास्थ्यकर्मी अभ्यङ्गकर्ता | विकास समितिको निर्णय अनुसार |
| ७ | प्रयोगशाला सेवा | | १० बजेदेखि ४ बजेसम्म र सोमबार ८ बजेदेखि ३ बजेसम्म | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | ल्याब. टे/ल्याब. अ | विकास समितिको निर्णय अनुसार |
| ८ | रेडियोलोजी सेवा अल्ट्रासाउण्ड/भिडियो एक्सरे (USG), डिजिटल एक्सरे (Xray) इ सि.जी. (ECG) | | नियमानुसार परामर्श सेवाहरु- कार्यालयले तोकेबमोजिमको समय | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | सम्बन्धित चिकित्सक/स्वास्थ्यकर्मी /कर्मचारीहरु | विकास समितिको निर्णय अनुसार |
| ९ | फिजियोथेरापी सेवा | | १० बजेदेखि ४ बजेसम्म | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | सम्बन्धित फाँटका स्वास्थ्यकर्मी/ कर्मचारीहरु | विकास समितिको निर्णय अनुसार |
| १० | अन्तरङ्ग | बिरामी भर्ना | १० बजेदेखि ५ बजेसम्म | बहिरङ्ग विभागबाट चिकित्सकको सिफारिस अनुसार भर्ना हुनु पर्ने | कन्सल्टेन्ट/चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, अन्तरङ्ग सेवामा खटिएका कर्मचारी | दैनिक भर्ना शुल्क :रु १००/-<br>दैनिक जनरल बेड शुल्क: रु २५/-<br>क्याबिन शुल्क: रु ५००/-<br>(अन्य शुल्क विकास समितिको निर्णय अनुसार)<br>१०% बेड नि:शुल्क (असहाय, बेवारिसे, विपन्न बिरामीलाई) |
| | | बिरामी परीक्षण एवं परामर्श | २४ सैं घण्टा (आवश्यकता अनुसार) | अस्पतालको नियम अनुसार चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीको निगरानीमा रहनु पर्ने | | नि:शुल्क |
| ११ | स्वर्णप्राशन सेवा | | प्रत्येक महिना पुष्य नक्षत्रमा बिहान ६ बजेदेखि ९ बजेसम्म | पालो अनुसार लाइनमा बसी सेवा लिनु पर्ने | सम्बन्धित चिकित्सक/स्वास्थ्यकर्मी कर्मचारीहरु | नि:शुल्क |
| १२ | अस्पताल प्रशासन | | १० बजेदेखि ५ बजेसम्म (सार्वजनिक बिदा बाहेक) | सुझाव तथा गुनासो पेश गर्ने | प्रशासन शाखा | - |
| १३ | लेखा, जनरल स्टोर | | १० बजेदेखि ५ बजेसम्म (सार्वजनिक बिदा बाहेक) | - | सम्बन्धित कर्मचारी | - |

पुनश्च:
क. शनिवार एवम् सार्वजनिक बिदाका दिन बहिरङ्ग सेवा बन्द रहनेछ ।
ख. शनिवार एवम् सार्वजनिक बिदाको दिन अन्तरङ्ग विभागका बिरामी बाहेक अन्य सेवाग्राहीहरुको लागि पूर्वकर्म र पञ्चकर्म सेवा बन्द रहनेछ ।
ग. शुक्रवार बिरामी टिकट दर्ता समय १० बजेदेखि १ बजेसम्म रहनेछ ।
घ. सेवा सम्बन्धी गुनासो भएमा सुन्ने अधिकारी वा निर्देशकसँग सम्पर्क गर्न सकिन्छ ।
ङ. अन्य थप सेवाहरु कार्यालय वा समितिले तोके अनुसार हुनेछ ।

बसन्त बहादुर के.सी.
सुचना अधिकारी

नि. निर्देशक